लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY www.erupse.com साप्ताहिक

वर्ष ८, अंक २४ २०८३ साउन १५ गते शुक्रबार (Friday 31 July 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

**"होटल जोमसोम प्राइड"**

जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्भनै पर्ने नाम ।

# मालिकामा पर्यटकीय महत्वका ३५ स्थान चयन

**अमृत बास्कुने**

म्याग्दीको मालिका गाउँपालिका भित्र पर्यटकीय महत्वका ३५ स्थान चयन गरी घोषणा गरिएको छ । मालिका गाउँपालिका तथा म्याग्दी उद्योग बाणिज्य संघ मालिका गाउँपालिका बजार इकाइले पालिका भित्रका ७ वटै वडामा पर्ने ३५ स्थानलाई पर्यटकीय महत्वका स्थानका रुपमा चयन गरेको हो ।




मालिका गाउँपालिका, म्याग्दी उद्योग बाणिज्य संघ मालिका बजार इकाइ र आन्तिरीक राजश्व कार्यालय बागलुङको संयुक्त आयोजनामा मालिका गाउँपालिकाको केन्द्र दरवाङमा साउन ८ गते शनिबार आयोजित करदाता शिक्षा तथा स्थान घोषणा कार्यक्रममा गाउँपालिका भित्रका स्थानहरूको नाम तथा विभिन्न स्थानहरूको तस्वीर सहितको पोष्टर सार्वजनिक गर्दै पर्यटकीय स्थलहरूको नाम घोषणा गरिएको हो । मालिका गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिश्चन्द्र ढकाल, आन्तरीक राजश्व कार्यालय बागलुङका कर अधिकृत राजनमणी शर्मा, राजन सापकोटा, म्याग्दी उद्योग बाणिज्य संघ मालिका बजार इकाईका अध्यक्ष लेकबहादुर पुन तथा सल्लाहकारहरू मोतिराज गौतम, सन्तोष सुवेदी लगायतले पर्यटकीय स्थानहरू समेटिएको ब्यानर संयुक्त रुपमा सार्वजनिक गर्नुभएको थियो ।

घोषणा गरिएका स्थानहरुमा मालिका गाउँपालिका १ मा सिद्ध बराह ताल, स्लेट खानी, स्याल तथा भालु गुफा र महशिकार स्थल रहेका छन् । त्यसैगरी २ नम्बर वडामा दुर लेक, स्लेट खानी, स्टोन भिलेज र घोडेनाचलाई पर्यटकीय महत्वका साथ समावेस गरिएको छ । वडा नम्बर ३ मा शोले डाँडा, तामा खानी, किटेनी र दुरलेकलाई समावेस गर्दा ४ नम्बर वडामा भने शोले धुरी, तामा खानी, मह शिकार, शोरठी तथा पुर्ख्यौली नाच र तहको काललाई पर्यटकीय रुपमा महत्वको चयन गरिएको छ । मालिका गाउँपालिका ५ मा मालिका धुरी, देउताभिर गुफा, गाइखर्क र हकलाङ पिकनिक स्पटलाई महत्वका साथ चयन गरिएको छ । त्यस्तै गाउँपालिकाको केन्द्र समेत रहेको वडा नम्बर ६ मा नेपालमै चर्चित भालेबास्ने ताल, दुखु तामाखानी, पुर्ख्यौली स्याली नाच, महशिकार तथा महखानी, मालिका धुरी, दरवाङ भगवती मन्दिर र शिवालय मन्दिर चयन गरिएको छ । मालिका गाउँपालिका भित्रका पर्यटकीय महत्वका स्थान तथा संस्कृतिहरू छान्ने क्रममा ७ नम्बर वडामा प्रभुचेला धुरी तथा पाथीभरा मन्दिर, किसानी माध्यमिक विद्यालयको प्राविधिक शिक्षा, मालिका मन्दिर र बाइन्द्रोफाँट बराहताललाई छनौट गरिएको छ ।

म्याग्दी उद्योग बाणिज्य संघ मालिका बजार इकाइका अध्यक्ष लेकबहादुर पुनले गाउँपालिका भित्रका पर्यटकीय महत्वका संस्कृति तथा स्थानको पहिचान गरेर चालु साउन देखि आगामी असार सम्म प्रचार प्रसारमा सबैले प्रयास गर्ने बताउनुभयो ।

उपाध्यक्ष अमृत सापकोटाले नेपाल पनि हिमाल, जैविक विविधता, संस्कृति र धार्मिक सम्पदाका कारण विश्वकै आकर्षक पर्यटन गन्तव्य रहेको र सगरमाथादेखि लुम्बिनीसम्म, अन्नपूर्ण पदमार्गदेखि मुक्तिनाथसम्म नेपालले विश्वलाई आकर्षित गरिरहेको स्थान रहेको अवस्थामा मालिका गाउँपालिकाले पर्यटन क्षेत्रमा केही योगदान होस भनेर स्थान पहिचान गरेको बताउनुभयो ।

पर्यटकीय महत्वका स्थानको पहिचान गरेर प्रचार प्रसार गर्ने योजना बनाइनु निकै राम्रो काम रहेको र यसले आगामी दिनमा आर्थिक क्षेत्रलाई थप चलायमान बनाउने मालिका गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिश्चन्द्र ढकालको भनाई छ ।

**लाईट स्टार ब्युटी पार्लर**

**डल हाउस एण्ड ट्रेनिङ सेन्टर**

न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०

**हाम्रो सेवाहरू:**

- आधुनिक फेसियल तथा स्किन केयर
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- मैनिक्योर, पेडिक्योर
- प्रोफेशनल ब्यूटी ट्रेनिङ क्लासहरू
- वाटर प्रुफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन

**किन रोज्ने हामीलाई?**

अनुभवी र मैत्रीपूर्ण स्टाफ / गुणस्तरीय प्रोडक्ट प्रयोग / आरामदायी वातावरण / उचित मूल्य



विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुँदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।

**सीप सिकेर आत्मनिर्भर बनौं**

हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।

**महिला उद्यमीद्वारा हस्त निर्मित डल, कुशन, भुला, भुमरहरु पाइन्छ ।**

**नेशनल ड्रग सेन्टर**

**पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा**

अस्पताल चोक, बेनीमा

**प्रत्येक महिनाको चौंथो शनिबार**

**डा. हेमा छन्त्याल**

स्त्री तथा प्रसुतीरोग विशेषज्ञ



महिला सम्बन्धी सम्पूर्ण समस्याहरु जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाभोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।

साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।

**डा. गोविन्द राज पाण्डे**

जनरल फिजिसियन



गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।

**डा. दिपक बगाले**

वरिष्ठ रेडियोलोजिष्ठ



म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

**२०८३ साउन २३ शनिबार**

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे

०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

# कार्यान्वयनमा साझा पहल

विकासका धेरै योजनाहरु सरकारी कार्यालयका फाइलबाट सुरू हुन्छन् र त्यहीँ समाप्त पनि हुन्छन्। तर कुनै योजना स्थानीय समुदायको साझा सोच, सहकार्य र प्रतिबद्धताबाट जन्मिन्छ भने त्यसले दीर्घकालीन परिवर्तनको आधार तयार गर्छ। म्याग्दीको मालिका गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका ३५ स्थानको घोषणा यस्तै एउटा सकारात्मक उदाहरण बनेको छ। यो अभियानलाई केवल मालिका गाउँपालिकाको कार्यक्रमका रुपमा बुझ्नु उचित हुँदैन। गाउँपालिकाका जनप्रतिनिधि, म्याग्दी उद्योग वाणिज्य संघ मालिका बजार इकाई, विभिन्न सामाजिक तथा सांस्कृतिक संघसंस्था, स्थानीय बुद्धिजीवी, सञ्चारमाध्यम, पर्यटनप्रेमी र समग्र स्थानीय समुदायको समन्वय र साझा अग्रसरताले यो अभियानलाई मूर्त रुप दिएको हो। यही कारणले यसको महत्व एउटा सामान्य घोषणाभन्दा धेरै माथि पुगेको छ। नेपालका धेरै स्थानीय तहले पर्यटकीय सम्भावना भएका स्थानहरुको सूची बनाएका छन्। तर तीमध्ये धेरैजसो सूची सार्वजनिक भएपछि फेरि चर्चा नै हुँदैन। मालिकाको प्रयासलाई फरक बनाउने पक्ष भनेको यसको सामूहिक स्वामित्व हो। जब योजना कुनै एक कार्यालयको नभई समग्र समुदायको साझा अभियान बन्छ, त्यसको सफलताको सम्भावना स्वतः बढ्छ। मालिका गाउँपालिका प्राकृतिक सम्पदाले धनी क्षेत्र हो। यहाँका लेक, झरना, गुफा, ताल, ऐतिहासिक स्थल, धार्मिक आस्थाका केन्द्र, मगर समुदायको मौलिक संस्कृति, परम्परागत बस्ती र ग्रामीण जीवनशैली आफैंमा पर्यटकलाई आकर्षित गर्ने आधार हुन्। तर यस्ता सम्पदाको ब्यवस्थित पहिचान र प्रवर्द्धनको अभावले अपेक्षित लाभ लिन सकिएको थिएन। अब ३५ गन्तब्यको औपचारिक घोषणा त्यस अभावलाई अन्त्य गर्ने महत्वपूर्ण सुरुवात बन्न सक्छ।

यस अभियानले सबैभन्दा ठूलो प्रभाव स्थानीय अर्थतन्त्रमा पार्न सक्छ। पर्यटन केवल घुमफिरको विषय होइन, यो रोजगारी, उद्यमशीलता र आयआर्जनसँग प्रत्यक्ष जोडिएको क्षेत्र हो। पर्यटक बढे भने होमस्टे सञ्चालन हुन्छन्, होटल तथा रेष्टुरेन्ट विस्तार हुन्छन्, स्थानीय कृषि उत्पादनको बजार बढ्छ, हस्तकला र स्थानीय परिकारको माग बढ्छ। युवाले आफ्नै गाउँमा उद्यम गर्ने वातावरण बन्न सक्छ। वैदेशिक रोजगारीका कारण रित्तिँदै गएका गाउँमा नयाँ आशा जगाउन पर्यटन प्रभावकारी माध्यम बन्न सक्छ। यस अभियानको अर्को सकारात्मक पक्ष पर्यटन र कृषिलाई एकसाथ अघि बढाउने सम्भावना हो। मालिका सुन्तला, किवी, आलु, मह, जडीबुटी तथा अन्य कृषि उत्पादनका लागि परिचित क्षेत्र हो। यदि पर्यटकलाई स्थानीय उत्पादनसँग जोड्न सकियो भने किसानले प्रत्यक्ष लाभ पाउनेछन्। स्थानीय उत्पादन, स्थानीय स्वाद र स्थानीय संस्कृति नै ग्रामीण पर्यटनको सबैभन्दा बलियो आधार बन्न सक्छ। सांस्कृतिक संरक्षणका दृष्टिले पनि यो अभियान महत्वपूर्ण छ। आज धेरै मौलिक संस्कृति, परम्परा र ऐतिहासिक सम्पदा संरक्षणको अभावमा ओझेलमा पर्दै गएका छन्। कुनै स्थल पर्यटकीय प्राथमिकतामा परेपछि त्यससँग जोडिएका इतिहास, संस्कृति र परम्पराको संरक्षणप्रति पनि स्थानीय समुदाय थप जिम्मेवार बन्ने अपेक्षा गर्न सकिन्छ। तर, घोषणा आफैंमा उपलब्धि होइन। वास्तविक उपलब्धि त त्यसपछि सुरू हुन्छ। यदि छनोट भएका ३५ स्थानमा पुग्ने सडक बनेन, पदमार्ग निर्माण भएन, सूचना बोर्ड राखिएन, सरसफाइ र आधारभूत पूर्वाधारको ब्यवस्था भएन भने यो अभियान पनि कागजमै सीमित हुने खतरा रहन्छ। त्यसैले अबको आवश्यकता सूची सार्वजनिक गर्ने होइन, प्रत्येक गन्तब्यका लागि स्पष्ट कार्ययोजना, समयसीमा, बजेट र जिम्मेवारी निर्धारण गर्नु हो। यस अभियानको अर्को महत्वपूर्ण पक्ष निरन्तरता हो। नेतृत्व परिवर्तनसँगै योजना परिवर्तन हुने हाम्रो पुरानो प्रवृत्तिले धेरै सम्भावना भएका कार्यक्रम असफल भएका उदाहरण प्रशस्त छन्। त्यसैले यो अभियान कुनै ब्यक्ति, कुनै राजनीतिक दल वा कुनै संस्थाको कार्यक्रम होइन भन्ने भावना सबैले आत्मसात् गर्नुपर्छ। यसको स्वामित्व सम्पूर्ण मालिकावासीले लिनुपर्छ।

म्याग्दी उद्योग वाणिज्य संघ मालिका बजार इकाईले गाउँपालिकासँग समन्वय गरेर पर्यटन प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्नु आफैंमा अनुकरणीय अभ्यास हो। स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाज एउटै उद्देश्यका लागि हातेमालो गर्दा विकासका परिणाम कति प्रभावकारी हुन सक्छन् भन्ने सन्देश यस अभियानले दिएको छ। अब अन्य स्थानीय तहले पनि यस्तै सहकार्यको अभ्यासबाट सिक्नुपर्ने बेला आएको छ। आज घोषणा भएका यी ३५ गन्तब्य भोलिका आर्थिक केन्द्र बन्न सक्छन्। तर त्यसका लागि सबै पक्षको निरन्तर सहकार्य, पारदर्शिता, लगानी र प्रतिबद्धता आवश्यक छ। घोषणा सफल भइसकेको छ, अब सफल हुनुपर्ने कार्यान्वयन हो। मालिकाको यो अभियानले एउटा महत्वपूर्ण सन्देश दिएको छ विकास सरकार एक्लैले गर्दैन, समुदायसँग मिलेर गर्छ। यही साझा भावना अन्तिम परिणामसम्म कायम रह्यो भने यी ३५ गन्तब्य केवल पर्यटकीय स्थल मात्र होइनन्, मालिकाको समृद्ध भविष्यका आधारस्तम्भ बन्नेछन्।

# सामान्यज्ञानमा रहेको प्राकृतिक स्वर्ग भालेबास्ने ताल

**ओझेलमा परेको म्याग्दीको अनुपम पर्यटकीय गन्तव्य**

नेपालका विद्यालय तथा लोकसेवा आयोगका सामान्यज्ञानका पुस्तक पल्टाउने जो कोहीले कुनै न कुनै बेला पढेको नाम हो भालेबास्ने ताल । धेरैले परीक्षाका लागि यसको नाम कण्ठस्थ गरेका हुन्छन्, तर वास्तविक भालेबास्ने ताल कहाँ छ ? त्यहाँ पुग्न कस्तो यात्रा गर्नुपर्छ ? त्यहाँको प्राकृतिक सौन्दर्य कस्तो छ ? यसको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व के हो ? भन्ने विषयमा भने धेरैलाई जानकारी हुँदैन । अन्यत्र जिल्लाकालाई ज्ञान कम हुनु स्वभाविक हो तर जुन जिल्ला तथा सम्बन्धीत स्थानीय तहमै रहेका नागरिकलाइ पनि त्यो स्थानको बारेमा ज्ञान कम भएको पाउन सकिन्छ । तर वास्तवमा भालेबास्ने ताल कुनै पुस्तकको पानामा मात्रै सीमित विषय होइन । यो पश्चिम म्याग्दीको मालिका गाउँपालिका–६ स्थित प्रकृतिले सिंगारेको अनुपम सम्पदा हो । अप्ठेरो गोरेटो अनि घना जंगल, स्वच्छ वातावरण, जैविक विविधता, धार्मिक आस्था र मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण मार्ग हुँदै पुगिने यो ताल आज पनि आफ्नै मौलिक स्वरुपमा अवस्थित छ । उचित प्रचारप्रसार र पहुँचको अभावका कारण अपेक्षित रुपमा पर्यटक पुग्न नसके पनि यहाँ पुग्ने प्रत्येक पर्यटकले प्रकृतिको अनुपम उपहारको अनुभूति लिएर फर्कने गरेका छन् । स्थानीय जनसमुदाय तथा मालिका गाउँपालिकाको आर्थिक लगानीमा बनेको पदमार्ग तथा ताल नजिकै बनेको मन्दिरले पनि थप आकर्षण बनाएको छ ।

**भालेबास्ने ताल भनेर सामान्यज्ञानमा चर्चित, तर व्यवहारमा भने ओझेलमा**

नेपालका धेरै विद्यार्थीले विद्यालय जीवनमा वा लोकसेवा आयोगको तयारीका क्रममा भालेबास्ने तालको नाम पढेका हुन्छन् । सामान्यज्ञानका पुस्तकमा समेटिने प्राकृतिक सम्पदामध्ये यसको नाम पनि उल्लेख हुने गरेको छ । तर विडम्बना, नाम पढ्नेको संख्या हजारौं लाखौं भएतापनि वास्तविक तालसम्म पुग्नेको संख्या भने निकै कम छ ।




यही कारणले भालेबास्ने तालालाई 'नामले चर्चित तर प्रचारले ओझेल परेको गन्तब्य' भन्न सकिन्छ । यो विरोधाभास आफैंमा नेपालको ग्रामीण पर्यटनको यथार्थ चित्र पनि त हो । हरेक नागरिकहरूले पढ्ने र कागजमा चिनिएको सम्पदा ब्यवहारमा भने अझै पनि एकान्तमै बसेको छ । भालेबास्ने ताल सम्म पुग्नका लागि अहिलेको अवस्थामा सामान्यतया दुखु गाउँ हुँदै र दुखु खोलाको किनारै किनार पनि जान सकिन्छ । तर पनि पुग्नेको संख्या भने निकै न्युन हुने गरेको छ ।

**दुखुदेखि सुरु गर्दा हुन्छ रोमाञ्चक यात्रा**

भालेबास्ने ताल पुग्न पश्चिम म्याग्दीको मालिका गाउँपालिका–६ अन्तर्गत पर्ने 'दुखु' पुग्नुपर्छ । साविकको दरवाङ गाविसअन्तर्गत रहेको यो क्षेत्र अहिले मालिका गाउँपालिकाको वडा नम्बर–६ मा पर्दछ । बेनी दरवाङ सडक खण्डको तोलाबाङ देखि बायाँ तर्फ लागेर दुखु पुगे पछि त्यहाँदेखि पदयात्रा गर्दै भालेबास्ने ताल सम्म पुग्न सकिन्छ । बेनीदेखि सडकमार्ग हुँदै तोलाबाङ सम्म पुग्ने र त्यहाँबाट दुखुसम्म पुग्न सकिन्छ । तर दुखुबाट माथि भने गाडी पुग्न सक्ने सडक सुविधा छैन । त्यसपछि सुरू हुन्छ पदयात्रा । अर्को पदयात्रा दुखु खोलाको मुख्य मार्ग पछ्याउँदै उकालो लाग्नुपर्छ । जंगलको छहारी तथा खोला किनार तथा खोलाको दृष्याबलोकन गर्दै त कतै ढुङ्गे बाटो त कतै उबडखाबड पहाडी पदमार्ग पार गर्दै यात्रुहरु अघि बढ्न सकिन्छ । पछिल्ला वर्षहरुमा स्थानीय सरकार र समुदायको पहलमा पदमार्ग निर्माण गरिएकाले विगतको तुलनामा यात्रा सहज बनेको छ । दुखु गाउँबाट यात्राको सुरूवातमा केही तेश्रो हिडे पछि केही सिडि सहितको कडा उकालो भए पनि त्यसपछि समथर तथा हल्का ओरालो–उकालो मिसिएको बाटोले यात्रालाई रमाइलो बनाइदिन्छ । बाटोभरि चराचुरूङ्गीको आवाज, वनस्पतिको सुगन्ध, चिसो हावा र प्रकृतिको सुमधुर वातावरणले यात्राको थकान नै बिर्साइदिन्छ । शुरूमा भएको उकालोले नयाँ यात्रा गर्नेलाई निकै कठीनाई भए पनि त्यस पछि भने तेश्रो सडकले भने सबैलाई सहज अनि उत्साहप्रद नै हुन्छ ।

**नाम किन रह्यो भालेबास्ने ताल ?**

दुखु गाउँ नजिकै रहेको भालेबास्ने तालका बारेमा स्थानीय बुढापाकाको भनाई अनुसार विगतमा ताल वरपरको जंगल क्षेत्रमा जंगली भाले र विभिन्न प्रजातिका चराचुरूङ्गी प्रशस्त पाइन्थे । बिहान सबेरै ती भालाहरुको बास्ने आवाजले सिंगो जंगल गुन्जायमान हुन्थ्यो । यही कारणले यस तालको नाम भालेबास्ने ताल रहन गएको जनविश्वास छ । यद्यपि यसको ऐतिहासिक प्रमाण लिखित रुपमा कम पाइए पनि पुस्तौंदेखि स्थानीय समुदायले यही कथनलाई निरन्तर सुनाउँदै आएका छन् । स्थानीयको जनश्रुती र मान्यतालाई नै नेपालले मान्दै आएको छ । सामान्यज्ञानको पुस्तकमा भालेबास्ने ताल कुन जिल्लामा पर्छ भनेर प्रश्न र उत्तरमा म्याग्दी भनेरै लेखिएको छ । मान्यता के भन्दा पनि यसको प्रचार र विश्वासको कुरा पनि त हो ।

**प्राकृतिक सौन्दर्यले लोभ्याउने गन्तव्य**

पदयात्रापछि जब यात्रु ताल नजिक पुग्छ, त्यसपछि देखिने दृश्यले सबै थकान क्षणभरमै हराइदिन्छ । घना जंगलको बीचमा शान्त ताल, पानीमा आकाश र वरिपरिका रूखको प्रतिबिम्ब, वरिपरि फैलिएको हरियाली र स्वच्छ वातावरणले यो क्षेत्रलाई प्राकृतिक स्वर्गको अनुभूति गराउँछ । ताल सम्म पुग्ने जोखिमयुक्त सडक अनि तालमा पुग्न पनि मोल्नु पर्ने जोखिम पनि छ त । जोखिम पार गरेर पुगिने गन्तब्य अनि त्यस पछि पुगिने स्थानको गोप्यता पनि त सबैका लागि महत्वको कुरा हो । वर्षात्को समयमा तालमै पुग्न सकिदैन तर तालबााट झरेको झरनाको मनोरम दृष्यले भने मनलाइ फुरुङ्ग बनाउँछ ।

वर्षायाममा हरियालीले ढाकिएको जंगल, शरद ऋतुमा निलो आकाश, हिउँदमा चिसो मौसम र वसन्तमा फुलेका फूलहरूले यहाँको सौन्दर्यलाई अझ आकर्षक बनाउँछन् । मौसमअनुसार बदलिने प्रकृतिको रुपल`

बाँकी पाँचौं पृष्ठमा

# पर्यटन प्रवर्द्धनमा सहकार्य गरौं ।

## मालिका गाउँपालिका भित्रका निम्न उल्लेखित पर्यटकीय स्थलहरुको

# भ्रमण गरौं !


मालिका- प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर र साहसिक यात्राको अनुपम गन्तव्य



## मालिका गाउँपालिकाका पर्यटकीय गन्तव्यहरु

### वडा नं. १

- सिद्ध बराह ताल
- स्लेट खानी
- स्याल/भालु गुफा
- मह शिकार



- सिद्ध बराह ताल

### वडा नं. २

- स्लेट खानी
- दुर लेक
- स्टोन भिलेज
- घोडे नाच



- दुर लेक

### वडा नं. ३


- शोले डाँडा
- तामा खानी
- किटेनी
- दुरलेक



- डाँडा गाउँ

### वडा नं. ४

- शोले धुरी
- तामा खानी
- मह शिकार
- शोरठी तथा पुख्यौंली नाच
- दहको ताल



तामा खानी क्षेत्र

### वडा नं. ५


- मालिका धुरी
- देउता भिर गुफा
- गाइ खर्क
- हकलाङ पिकनिक स्पट



- गाइ खर्क

### वडा नं. ६

- भाले बास्ने ताल
- दुखु तामाखानी
- पुख्यौंली ख्याली नाच
- मह शिकार, महखानी
- मालिका धुरी
- दरवाङ भगवती मन्दिर
- दरवाङ शिवालय




- दरवाङ शिवालय

### वडा नं. ७

- प्रभुचेला धुरी, पाथीभरा मन्दिर
- किसानी मावि प्राविधिक शिक्षालय
- मालिका मन्दिर
- बाइन्दोफाँट बराहताल



- प्रभुचेला धुरी, पाथीभरा मन्दिर

प्रकृति, संस्कृति, इतिहास र आस्थिको संगम

## मालिका गाउँपालिका

आउनुहोस, घुम्नुहोस, अनुभव गर्नुहोस !

SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं
बेनी उप-शाखा

# मालिकाको ७७.४२ प्रतिशत बजेट खर्च, १५९ योजना सम्पन्न




म्याग्दीको मालिका गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटको ७७.४२ प्रतिशत खर्च गर्दै अधिकांश विकास योजना सम्पन्न गरेको जनाएको छ । गाउँपालिकाले बिहीबार आयोजना गरेको सार्वजनिक सुनुवाइमा गाउँपालिकाले कुल ५१ करोड ३८ लाख २८ हजार रूपैयाँ बजेटमध्ये ३९ करोड ७८ लाख १८ हजार रूपैयाँ खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिश्चन्द्र ढकालले जानकारी दिनुभयो । वर्षभरि सम्झौता गरिएका १६५ योजनामध्ये १५९ वटा सम्पन्न भएका छन् भने ६ वटा योजना सम्पन्न हुन बाँकी रहेका छन् । भोलुङ्गे पुलसहित केही योजना निर्माणाधीन अवस्थामा रहेको समेत उहाँले बताउनुभयो ।

गाउँपालिकाले आर्थिक वर्षभरि ७९ लाख ७६ हजार रूपैयाँ आन्तरिक राजस्व संकलन गरेको जनाएको छ । स्वास्थ्य क्षेत्रमा नागरिकले ३३ हजार ४१८ पटक सेवा लिएका थिए भने पाँचवटा बर्थिङ सेन्टरबाट महिलाहरूले सुरक्षित सुत्केरी सेवा लिएका छन् । गत वर्ष गाउँपालिका भित्रका सबै सुत्केरी स्वास्थ्य संस्थामै भएको र घरमै सुत्केरी हुने संख्या शून्य रहेको गाउँपालिकाकी स्वास्थ्य शाखा प्रमुख सन्तु केसीले जानकारी दिनुभयो ।

कृषि क्षेत्रमा ७४ मिनी टिलर, ६७ प्लास्टिक टनेल, १० हजार ६१२ सुन्तलाका बिरुवा वितरण गर्नुका साथै विभिन्न कृषि कार्यक्रममार्फत सयौँ कृषक लाभान्वित भएका छन् । पशु सेवा अन्तर्गत १३ हजारभन्दा बढी पशुको उपचार, १०३ वटा कृत्रिम गर्भाधान तथा १०४ सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ ।


शिक्षा क्षेत्रमा ८३.८४ प्रतिशत बजेट खर्च भएको, स्थानीय शिक्षा योजना कार्यान्वयन, शिक्षक तालिम, विद्यालय अनुगमन र शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

रोजगार तथा उद्यमशीलता कार्यक्रममार्फत ८४ बेरोजगारले औसत ८१ दिन रोजगारी पाएका छन् । वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका तीन श्रमिकका परिवारलाई जनही १० लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन सफल भएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले सार्वजनिक सुनुवाइमार्फत वित्तीय प्रगति, सेवा प्रवाह, विकास निर्माण र आगामी सुधारका योजनाबारे नागरिकलाई जानकारी गराउँदै प्राप्त सुझावलाई आगामी कार्यक्रम सञ्चालनमा समेट्ने प्रतिबद्धता जनाएको छ ।

गाउँपालिकाको प्रस्तुतीकरण पछि नन्दी घर्ती, हिरा पुन, छेमबहादुर विश्वकर्मा लगायतले आफ्नो प्रश्न राखेका थिए । सर्वसाधारणको प्रश्नको गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजा, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिश्चन्द्र ढकाल, ६ नम्बर वडा अध्यक्ष पथबहादुर रोका लगायतले जवाफ दिनु भएको थियो ।

## साप्ताहिक राशीफल




**मिति :- २०८३।०३।१९ देखि २०८३।०३।२५**

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**

प्रारम्भमा स्वास्थ्य कमजोर रहनुका साथै खर्च बढ्नाले अर्थ अभाव देखिएला। केही अप्ठ्यारा कामको बोझ उठाउनुपर्ने पनि सोमवारदेखि स्थितिमा सुधार आउनेछ। पहिलेको उपलब्धिले काममा जोसजाँगर बढ्नेछ। धार्मिक कर्म र समाजसेवामा प्रवृत्त भइनेछ। पुराना कामको चर्चा हुनेछ भने नयाँ काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना थाल्न सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। बुध, बिही र शुक्रवार घरायसी काम बिग्रनाले केही समस्या पर्न सक्छ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ र पेसातर्फ मनग्य आम्दानी हातलागी हुनेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**

पहिलो दिन रमाइलो देखिए पनि मंगलबारसम्म काम बिग्रनाले समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर बन्नेछ र अर्थ अभावले पनि सताउने सम्भावना छ। अप्ठ्यारो समयमा अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। नजिकका साथीभाइसमेत टाढिन सक्छन्। बुधवारदेखि स्थितिमा सुधार आउनेछ र रोकिएका काम पनि बिस्तारै सम्पादन हुनेछन्। आध्यात्मिक चिन्तनले दुर्भावनाका तरंगहरु समाप्त हुनेछन्। परिस्थिति अनुकूल बन्नाले नयाँ कामतर्फ अग्रसर हुने मौका जुट्नेछ। विशिष्ट व्यक्तिहरुसँगको सहकार्यले फाइदा दिलाउनेछ।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**

प्रारम्भमा चुनौती देखिए पनि सोमवारदेखि आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ। रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। व्यापार र उद्योगमा विशेष फाइदा हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बुध, बिही र शुक्रवार भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। कामको बोझ थपिनेछ भने रकम बाहिरिनाले अर्थ अभाव देखापर्नेछ। सप्ताहान्तमा स्थितिमा सुधार आउनुका साथै भाग्यले साथ दिनेछ। पुरानो समस्या सुल्झाउँदै सामाजिक प्रतिष्ठा हातपार्न सकिनेछ। नयाँ काम थालनी हुनेछ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**

खानपानको अनियमितताले स्वास्थ्य बिग्रन सक्छ। तापनि, सुखदुःखमा साथ दिनेहरु भेटिनेछन्। प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ। शत्रु र रोगबाट छुटकारा मिल्नेछ। सोमवारदेखि पहिलेको स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। रोकिएका काम बन्नाले नयाँ कर्मतर्फ अग्रसर भइनेछ। अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ। आफन्तसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ। सप्ताहान्तमा कामको चाप बढ्नाले स्वास्थ्य कमजोर बन्नेछ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**

सुरुमा पारिवारिक उल्झनले काम रोकिन सक्छ। ईर्ष्या गर्नेहरुबाट अवरोध हुनेछ। सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै परिस्थिति अनुकूल बन्नेछ। अध्ययनमा प्रगति हुनेछ। आफ्नो अभियानमा धेरैले साथ दिनेछन्। देश-विदेशसम्मै रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। बुधवार र बिहीवार प्रतिस्पर्धीहरुबाट काममा रोकावट हुने र फजुल खर्च बढ्ने सम्भावना छ, सजग रहनुहोला। सप्ताहान्तमा मन मिल्ने साथी भेटिनुका साथै मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। नयाँ योजना कार्यान्वयन हुनेछ।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**

सुरुमा आफ्नो काम खस्किने र प्रतिस्पर्धीहरु जाग्ने सम्भावना छ। नियमित काम सम्पादन भए पनि घरेलु समस्या र पुरानो वादविवाद सुल्झाउन निकै मिहिनेत गर्नुपर्ला। आफन्तसँग मतभेद बढ्न सक्छ, सजग रहनुहोला। बुधवारपछि स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुनेछन्। असम्भव काममा समेत युक्तिले सफलता दिलाउनेछ। हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र मिहिनेतले मनग्य आम्दानी दिलाउनेछ। सप्ताहान्तमा शत्रुपक्षलाई हराउन सकिनेछ। दिगो योजना पूर्ण हुनेछ। नाम, दाम र इनाम पनि हातलागी हुनेछ।

**तुला** - Libra **रा, रि, रु, रे, रो, ता, ति, तु, ते**

मिहिनेत गर्दा साता फलदायी रहनेछ। साताभरि विभिन्न अवसर प्राप्त भइरहनेछन्। अध्ययनले उचाइको मार्ग अवलम्बन गर्नेछ। रोकिएका काम बन्नेछन् र नयाँ काम थालनी हुनेछ। तारिफयोग्य कामले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। नोकरी तथा राजनीतिमा नयाँ अवसर प्राप्त हुनेछ। मिहिनेतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र सावधानीले जोखिम टर्नेछ। बिहीवार र शुक्रवार भने घरायसी समस्याले अल्झाउन सक्छ। सप्ताहान्तमा अवसरले पछ्याउनेछन्। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ।

**वृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**

प्रारम्भ उत्साहवर्द्धक रहनेछ। रोकिएको काम बन्नुका साथै नयाँ काम थालनी गर्न सकिनेछ। बोलीको प्रभाव एवं तर्कशक्ति बढ्नेछ र अध्ययनमा प्रगति हुनेछ। व्यापारमा मनग्य फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काम सुरू हुनेछ। मेहनतीहरुलाई समयले साथ दिनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। जुझारू कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ। बुधवारदेखि अवसरवादीहरुबाट अलि सावधान रहनुहोला। काममा आफ्नैबाट धोका हुनेछ, योजना सार्वजनिक नगर्नुहोला। पारिवारिक उल्झनले पनि काम रोकिने सम्भावना छ।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**

प्रारम्भमा खर्चिलो काम गर्नुपरे पनि हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुनेछ। लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। राम्रा काममा अभिप्रेरित गर्नेहरु प्रशस्तै भेटिनेछन्। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। मानसम्मान प्राप्त हुनेछ। बुधवार र बिहीवार वादविवादले झमेला निम्त्याउन सक्छ। खर्च बढ्नाले आर्थिक पक्षसमेत कमजोर हुनेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। प्रतिस्पर्धीहरु सहयोगीका रुपमा देखा पर्नेछन्। रोकिएको काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**

प्रारम्भमा मनग्य आम्दानी भए पनि सरसापटमा धन बाहिरिनाले बचत भने नहुन सक्छ। परिस्थिति अध्ययन नगरी खर्चिलो काम थाल्नाले अर्थ अभाव देखापर्न सक्छ। समस्या सुल्झाउन कर्जा लिनुपर्ला। बेलामा होस नपुर्याउँदा चुनौती सामना गर्नुपर्ला। केही समयका लागि आफन्तबाट टाढिनुपर्ने हुन सक्छ। आगन्तुकहरुले अलमल्याउन सक्छन्। अवसर आए पनि कर्म साधनामा पछि परिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। सप्ताहान्तमा स्थितिमा सुधार आउनेछ। व्यापार बढ्नेछ र प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**

प्रारम्भमा केही उल्झन देखिए पनि कामको प्रतिफल प्राप्त हुनेछ। व्यापार बढ्नेछ र मनग्य आम्दानी हातलागी हुनेछ। तर कर्जा चुक्ता गर्न खर्चनुपर्ने हुन सक्छ। उठ्नुपर्ने रकम प्राप्त हुनाले पहिलेको समस्या टर्नेछ। बुधवारदेखि खर्चिलो काम गर्नुपर्ने स्थिति आउन सक्छ। खर्च बढ्नाले अर्थ अभाव भइरहनेछ। काम बिग्रने भयले पनि सताउनेछ। विदेश ताक्नेहरुलाई भने यात्राको प्रक्रिया अघि बढ्नेछ। सप्ताहान्तमा शुभचिन्तकहरुको सहयोग जुट्नेछ र अप्ठ्यारो काम समेत सम्पादन हुनेछ। पारिवारिक भेटघाटले मनको बोझ पनि हलुका हुनेछ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**

प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा चिताएको काम सजिलै बन्नेछ। धेरैको विश्वास जित्न नसकिए पनि कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरु नजिकिनेछन्। लगानीतर्फ धेरै रकम जुटाउनुपरे पनि दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ। लगनशीलताले कीर्तिमानी समेत दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन्। तर खर्चिलो कामले व्यवहारमा धेरै पटक बाधा पुर्याउनेछ। सप्ताहान्तमा आफन्तबाट टाढिनुपर्ला। टाढाका साथीभाइ नजिकिन सक्छन्। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। सरसापटमा रकम बाहिरिन सक्छ।

## सामान्यज्ञान...

प्रत्येक पटक पुग्दा नयाँ अनुभूति दिलाउँछ त्यो स्थान सम्म पुग्नेहरूका लागि । फोटोग्राफी, प्रकृति अवलोकन, अध्ययन अनुसन्धान तथा शान्त वातावरण खोज्नेहरुका लागि भालेबास्ने ताल उत्कृष्ट गन्तव्य बन्न सक्छ । नजिकैको डिस्कोमा बनाइएको पार्क जस्तै गरी मन्दिर अनि ट्रष्टको घेराबारले प्रदान गरेको सुरक्षा अनि ठूला चट्टान र त्यही चट्टानको बीचमा रहेको ताल अनि त्यो तालबाट तर झर्ने झरनाले पनि त सबैको मनलाई उत्साहीत बनाउँछ ।



**जैविक विविधताको धनी क्षेत्र**

ताल वरपरको जंगल जैविक विविधताले सम्पन्न छ । यहाँ विभिन्न प्रजातिका वनस्पति, चराचुरुङ्गी तथा जंगली जनावर पाइन्छन् । घना वन भएकाले वातावरण सधैं शीतल रहन्छ । कालिज, तित्रा तथा अन्य चराचुरुङ्गीहरूको चिरबिर र आवाजले पनि त्यो ठाउँमा पुग्ने जो कसैको मनलाई फुरुङ्ग बनाएरै छाड्छ । प्राकृतिक जलस्रोत, वनस्पति र वन्यजन्तुको संरक्षणका दृष्टिले पनि यो क्षेत्र निकै महत्वपूर्ण मान्न सकिन्छ । संरक्षणमुखी पर्यटन विकास गर्न सकिए यहाँको जैविक विविधता थप सुरक्षित रहने अपेक्षा गर्न सकिन्छ । थप केही पूर्वाधार निर्माण अनि अन्य केही थप्न सकेको खण्डमा पनि राम्रो हुने लाग्दछ ।

**धार्मिक आस्था पनि जोडिएको छ**

भालेबास्ने ताल केवल प्राकृतिक गन्तव्य मात्र होइन, स्थानीयहरुको धार्मिक आस्थासँग पनि जोडिएको स्थल हो । ताल नजिकै मालिका गाउँपालिकाको सहयोगमा रेलिङसहितको मन्दिर निर्माण गरिएको छ । यसले ताल क्षेत्रमा आउने दर्शनार्थी तथा पर्यटकलाई सहज बनाएको छ । विशेष पर्व तथा धार्मिक अवसरमा स्थानीय बासिन्दा ताल क्षेत्रमा पुगेर पूजा-आराधना गर्ने परम्परा अझै कायम छ । प्राकृतिक सम्पदालाई देवस्थलका रुपमा सम्मान गर्ने स्थानीय संस्कृतिले यस क्षेत्रको महत्वलाई अझ बढाएको छ । आन्तरीक तथा बाह्य पर्यटकहरू लाभान्वित हुने भन्दै गाउँपालिकाको ४ लाख र स्थानीय जनश्रमदान गरी चार लाख ३४ हजार एक सय एक रुपियाँ ८५ पैसाको लागतमा निर्माण भएको मन्दिरले आकर्षण बढाउने मात्रै नभएर आस्था पनि बढाएको छ।

**पदमार्गले बढाएको सम्भावना**

पहिले भालेबास्ने तालसम्म पुग्न निकै कठिन मानिन्थ्यो । स्पष्ट बाटो नहुँदा धेरैले बीच बाटोबाटै फर्कने गरेका थिए । तर पछिल्ला वर्षहरुमा निर्माण गरिएको पदमार्गले यात्रालाई सहज बनाएको छ । यद्यपि केही स्थान अझै उबडखाबड छन् । ती स्थानको स्तरोन्नति गर्न सकियो भने सबै उमेर समूहका पर्यटकलाई पुग्न सहज हुनेछ । सडक नपुग्नु कतिपयका लागि कमजोरी जस्तो देखिए पनि प्रकृतिप्रेमी तथा पदयात्रीका लागि यही कुरा यसको आकर्षण पनि बनेको छ । अहिले विश्वभर नै पदयात्रामार्फत प्राकृतिक गन्तव्यको अनुभव गर्ने पर्यटकको संख्या बढिरहेको छ । भालेबास्ने ताल सम्म अहिलेको अवस्था हेर्दा पनि सडक सञ्जाल विस्तार भन्दा पनि पदमार्गलाई नै व्यवस्थीत गर्नुको बिकल्प छैन । भौगोलिक अवस्था र पदयात्रामा हुने आत्मसन्तुष्टिकालागि पनि त्यो क्षेत्रमा पदमार्ग नै निर्माण गरिनु पर्छ ।

**पर्यटन विकासको अथाह सम्भावना**

भालेबास्ने ताललाई केन्द्र बनाएर पर्यटकीय गतिविधि विस्तार गर्न सकिने प्रशस्त सम्भावना छ । तालसम्म पुग्ने पदयात्रा, जंगल भ्रमण, चराचुरुङ्गी अवलोकन, धार्मिक पर्यटन, फोटोग्राफी, क्याम्पिङ तथा स्थानीय संस्कृति अवलोकनलाई एकीकृत गर्न सकियो भने यो क्षेत्र ग्रामीण पर्यटनको उत्कृष्ट नमुना बन्न सक्छ । मालिका गाउँपालिका क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गर्नकालागि दुखु मालिका मन्दिर हुँदै भालेबास्ने ताल तथा त्यसलाई पनि जोड्ने गरी मालिका गाउँपालिका भित्रका अन्य पर्यटकीय स्थल तथा धार्मिक तथा प्राकृतिक गन्तव्यलाई जोडेर पर्यटन सर्किट निर्माण गर्न सकिने सम्भावना पनि उत्तिकै बलियो छ ।



**स्थानीय अर्थतन्त्रको आधार बन्न सक्छ**

पर्यटन विकाससँगै स्थानीय बासिन्दाको आयआर्जन बढ्ने सम्भावना पनि उत्तिकै छ । दुखु क्षेत्रमा होमस्टे सञ्चालन, स्थानीय परिकार, कृषि उत्पादन, मौलिक हस्तकला तथा स्थानीय संस्कृतिको प्रदर्शनमार्फत गाउँमै रोजगारी सिर्जना गर्न सकिन्छ । वैदेशिक रोजगारीका कारण खाली हुँदै गएका गाउँमा पर्यटनले नयाँ सम्भावना सिर्जना गर्न सक्छ । विशेषगरी युवालाई गाउँमै उद्यम गर्ने वातावरण बनाउन पर्यटन प्रभावकारी माध्यम बन्न सक्ने दुखुका युवा सौगात गुरुङको भनाइ छ ।

**प्रचारप्रसार अझै कमजोर**

यति धेरै सम्भावना हुँदाहुँदै पनि भालेबास्ने तालको सबैभन्दा ठूलो समस्या भनेकै उचित प्रचारप्रसार नै हो । सामान्यज्ञानका पुस्तकको पानामा नाम समेटिए पनि डिजिटल माध्यम, पर्यटन नक्सा, यात्रा प्याकेज तथा राष्ट्रिय प्रचारप्रसारमा यो गन्तव्यले अझै पर्याप्त स्थान पाउन सकेको छैन । सामाजिक सञ्जाल, वृत्तचित्र, पर्यटन मेला तथा सञ्चारमाध्यममार्फत यसको प्रभावकारी प्रचार गर्न सके पर्यटकको आकर्षण उल्लेखनीय रुपमा बढ्न सक्छ । तर हाल सम्मको अवस्था हेर्ने हो भने पनि कुनै पनि माध्यममा उचित प्रचारको कमी नै छ । गाउँपालिका होस या अन्य कसैले पनि यसको उचित तबरको प्रचार गर्न नसकेको हो की भन्ने आरोप लाग्ने गरेको छ ।

**अब भने गाउँपालिकाको प्राथमिकतामा**

मालिका गाउँपालिकाको कार्यपालिका बैठकले नै पर्यटन प्रवर्द्धनलाई महत्वमा राख्ने र सहकार्य गर्ने निर्णय गरेको छ । गाउँपालिकाका जनप्रतिनिधि, कार्यपालिकाको बैठक तथा म्याग्दी उद्योग वाणिज्य संघ मालिका गाउँपालिका इकाईले चालु आर्थिक वर्षमा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका ३५ स्थान घोषणा गरेको छ । तीमध्ये भालेबास्ने ताल पनि प्राथमिकतामा परेको गन्तव्य हो । मालिका गाउँपालिका भित्र रहेका मध्ये देशविदेशले चिनेको सुनेको नाम भालेबास्ने ताल भएको हुनाले नै यो स्थानलाई पर्यटकीय महत्वको स्थानका रुपमा अगाडी सारेको छ । गाउँपालिका, जनप्रतिनिधि, म्याग्दी उद्योग वाणिज्य संघ मालिका बजार इकाई, स्थानीय संघसंस्था तथा समुदायको सहकार्यमा यसको संरक्षण, प्रचारप्रसार र पूर्वाधार विकास गर्ने योजना अघि बढाइएको अहिलेको अवस्थाले अब गाउँपालिका मात्रै होइन हरेक नागरिकले पनि भालेबास्ने ताललाई प्रचार गर्ने भएको देखिन्छ । यदि योजनाबद्ध रुपमा पूर्वाधार निर्माण, सूचना केन्द्र, विश्रामस्थल, खानेपानी, सरसफाइ, सुरक्षा तथा डिजिटल प्रचारलाई प्राथमिकता दिइयो भने भालेबास्ने ताल केही वर्षमै पश्चिम नेपालको उत्कृष्ट प्राकृतिक गन्तव्य बन्न सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

**संरक्षण र विकास सँगसँगै**

पर्यटन विकासको नाममा प्राकृतिक सम्पदाको दोहन हुनु हुँदैन । तालको मौलिक स्वरुप जोगाउनु नै यसको सबैभन्दा ठूलो सम्पत्ति हो । त्यसैले फोहोर व्यवस्थापन, वन संरक्षण, जैविक विविधताको सुरक्षा र जिम्मेवार पर्यटनलाई सँगसँगै अघि बढाउनुपर्छ । स्थानीय समुदायको सक्रिय सहभागिताबिना दिगो पर्यटन सम्भव छैन । त्यसैले संरक्षण र विकासबीच सन्तुलन कायम गर्नु नै भालेबास्ने तालको भविष्यको सफलता हुने दुखुका युवा जीवन पुनको भनाइ छ ।

**निष्कर्ष**

भालेबास्ने ताल कुनै साधारण ताल होइन । यो नेपाली विद्यार्थीले सामान्यज्ञानमा पढ्ने नाम मात्र पनि होइन । यो प्रकृतिले म्याग्दीलाई दिएको अनुपम उपहार हो, जसले प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, जैविक विविधता र पर्यटनको अथाह सम्भावनालाई एकैसाथ समेटेको छ । आज पनि भालेबास्ने ताल पुग्न केही घण्टाको पदयात्रा गर्नुपर्छ । उबडखाबड बाटो पार गर्नुपर्छ । तर जब यात्रु तालको किनारमा पुगेर प्रकृतिको अनुपम दृश्य नियाल्छ, तब यात्राको सम्पूर्ण थकान आनन्दमा बदलिन्छ । प्रचारप्रसार, पूर्वाधार विकास र संरक्षणलाई सन्तुलित रुपमा अघि बढाउन सकियो भने भालेबास्ने ताल भविष्यमा केवल म्याग्दीको मात्र होइन, नेपालकै उत्कृष्ट ग्रामीण पर्यटकीय गन्तव्यका रुपमा स्थापित हुन सक्ने मालिका गाउँपालिका ६ का वडा अध्यक्ष पथबहादुर रोकाको भनाइ छ । सामान्यज्ञानका पुस्तकमा पढिने नाम अब प्रत्यक्ष अनुभव गर्न लायक गन्तव्यका रुपमा परिचित बनाउने जिम्मेवारी भने अब स्थानीय सरकार, समुदाय र पर्यटनसँग सरोकार राख्ने सबै पक्षको काँधमा आएको छ ।

# के.बि. एकेडेमी एण्ड बोर्डीङ स्कुलको शैक्षिक गतिबिधि




केबी एकेडेमी एण्ड बोर्डीङ स्कुलको कक्षा ८ र ९ का बिद्यार्थीहरूको सहभागितामा धार्मिक महत्वको स्थलको सरसफाइ गरिएको छ । विद्यालयका शिक्षक बिकास केसी र टान्डिन लामाको नेतृत्वमा गएका बिद्यार्थीहरूले मालिका गाउँपालिकाले हालै धार्मिक तथा पर्यटकीय महत्वका ३५ स्थानका रूपमा चयन गरेको भगवती मन्दिर सरसफाइ गरिएको हो ।

मालिका गाउँपालिका तथा म्याग्दी उद्योग बाणिज्य संघको समन्वयमा मालिका गाउँपालिका भित्रका पर्यटकीय तथा धार्मिक महत्वका ३५ स्थान चयन गरेको थियो । सोही महत्वका ३५ स्थान मध्येको एक मालिका गाउँपालिका ६ स्थित रहेको भगवती मन्दिर सरसफाइ गरेको हो ।



बिद्यालयले बालबालिकालाइ अगाडी बढ्ने बाटो देखाउने भएको हुँदा समुदाय, संस्कृति र वातावरणप्रति जिम्मेवार नागरिक बन्ने उद्देश्यले सरसफाइ कार्यक्रम गरिएको बिद्यालयका प्रिन्सिपल बिमल शर्माले जानकारी दिए । सरसफाइ कार्यक्रममा सहभागी सम्पूर्ण शिक्षक तथा विद्यार्थीहरुलाई मन्दिर परिवारले धन्यवाद ज्ञापन गरेका थिए । यस्ता सकारात्मक कार्यहरुले विद्यार्थीहरुमा सेवा, अनुशासन र सामाजिक उत्तरदायित्वको भावना अझ मजबुत बनाउँदै लैजाने प्याब्सन म्याग्दीका अध्यक्ष हिराबहादुर पुनले जानकारी दिए ।



## विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**

दरवाङ, म्याग्दी













प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी